मुख्यमन्त्री

प्रदेश नं.१, विराटनगर

## शुभकामना

प्रेम र अहिंसाका अनुयायी, सत्य वचन र धर्मकर्ममा निष्ठ, समाज सुधारक महागुरु फाल्गुनन्दको आज १३८ औं जन्म जयन्तीका अवसरमा प्रदेश नं. १ सहित देश, विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वि.सं. १९४२ सालमा पूर्वी नेपालको इलाममा जन्मनुभएका गुरु फाल्गुनन्दसँग अद्भुत तथा चमत्कारिक गुण रहेको विश्वास गरिन्छ । प्रकृतिप्रेमी किरात समुदायलाई विकासको मूलधारमा ल्याउन र सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा अझ प्रगाढ बनाउनका साथै शिक्षाको प्रार्दुभाव गर्न गुरु फाल्गुननन्दको विशेष भूमिका रहेको छ । महागुरु फाल्गुनन्दले दिनुभएका दिव्य ज्ञान अनि परम सत्य वचनहरूले मानव जीवनको विभिन्न कालखण्डमा सत्मार्ग देखाउने गरेको छ ।

आफ्नो जीवनको अन्तिम अवस्थासम्म भाषा, लिपि, संस्कार-संस्कृति, शिक्षा, समाज सुधारका साथै किरात धर्मको उत्थान तथा संरक्षणको निमित्त लागिरहने; प्रेम र अहिंसाका अनुयायी तथा प्रतीकका रूपमा पनि चिनिनुहने महागुरु फाल्गुनन्दलाई नेपाल सरकारले राष्ट्रिय विभूति घोषणा गरी उहाँको सम्मानमा तस्वीरसहितको हुलाक टिकट प्रचलनमा ल्याएको छ । उहाँको जन्म जयन्तीका अवसरमा प्रदेश नं. १ सरकारका तर्फबाट एक दिन बिदा दिई सरकारले उच्च सम्मान प्रकट गरेको छ ।

महागुरु फाल्गुनन्दको प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम भई राष्ट्रिय एकतालाई सुदृढ एवम् सबल बनाउन सकिने छ । अहिंसावादी, सत्य वचन र धर्म कर्ममा निष्ठ, समाज सुधारक महागुरु फाल्गुनन्दप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै आज परेको गुरु फाल्गुनन्दको जन्म जयन्तीका अवसरमा म फेरि पनि संसारभरि फैलिएर रहेका नेपाली दिदीबहिनी, दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्रकुमार राई
मुख्यमन्त्री

मिति : २०७९ कात्तिक २५ गते, शुक्रबार